# अपाङ्गता भएका व्यक्तिका लागि सेवा सुविधा सम्बन्धी जानकारीमूलक पुस्तिका



# अपाङ्गता भएका व्यक्तिका लागि सेवा सुविधा सम्बन्धी जानकारीमूलक पुस्तिका

JuRI-Nepal

## न्याय तथा अधिकार संस्था नेपाल

ललितपुर महानगरपालिका, वडा नं. १०, ज्वागल, ललितपुर
पो.ब.नं. ४१३८, काठमाडौं, नेपाल, फोन नं. : ०१-५५३८९०९/१०
Email : jurinepal@gmail.com
Web: www.jurinepal.org.np

## पृष्ठभूमि

अपाङ्गता भएका व्यक्तिहरुले आत्मनिर्भर भई, सम्मानित र मर्यादित रुपमा परिवार तथा समाजमा योगदान गर्न सक्ने वातावरण श्रृजना गर्न नेपाल सरकारले विभिन्न नीति, ऐन, नियमावली र निर्देशिकामा भएका ब्यवस्थाहरुलाई बार्षिक नीति तथा कार्यक्रम बनाइ कार्यान्वयनमा समेत ल्याएको छ । नेपाल सरकारको नीति, नियम र कानुनप्रदत्त अधिकारको प्रत्याभुती गराउनका लागि हरेक तहको सरकार र सरोकारवाला निकायहरुले अपाङ्गतामैत्री तथा सबैका लागि पहुँचयुक्त वातावरण तयार गर्नुपर्छ ।

### यो पुस्तिका किन तयार पारिएको हो ?

यो पुस्तिका अपाङ्गता सम्बन्धी कानुनमा रहेका व्यवस्थाहरुको आधारमा स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिहरुलाई उपलब्ध हुने सेवा सुविधाहरुका बारेमा सूचना दिने उद्देश्यले तयार गरिएको हो ।

### यो पुस्तिका कसका लागि हो र कसरी प्रयोग गर्ने ?

**अपाङ्गता भएका व्यक्तिहरु:** यो पुस्तिकाबाट अपाङ्गता भएका व्यक्तिहरूले राज्यद्वारा उपलब्ध गराइने सेवा सुविधाहरू कहाँ र कसरी प्राप्त गर्न सकिन्छ भन्ने कुराको जानकारी लिन सक्नेछन् ।

सेवा सुविधाहरुको माग गर्न, सदुपयोग गर्नका लागि यसबारे स्वयम् अपाङ्गता भएका व्यक्ति र उनीहरुका यस पुस्तिकाद्वारा आवस्यक जानकारी लिन सक्नेछन् । अपाङ्गता भएका व्यक्तिहरुका समूह, संजाल र मावन अधिकारमा काम गर्ने संघसंस्थाहरुले पनि यो पुस्तिकाबाट सुचना लिई कानुन प्रदत्त सेवा सुविधाको प्रत्याभुती गर्न, गराउन पहल गर्नसक्नेछन् । यो पुस्तिकाले अपाङ्गता भएका व्यक्तिहरुको राज्यद्वारा उपलब्ध गराइने सेवा सुविधामा पहुँच अभिबृद्धि हुने विश्वास गरिएको छ ।

**सेवाप्रदायक:** यो पुस्तिकाबाट राज्यका विभिन्न निकायका सेवाप्रदायक कर्मचारी र जनप्रतिनिहरूलाई अपाङ्गता भएका व्यक्तिहरूका लागि के कस्ता सेवा सुविधा कसरी उपलब्ध गराउनु पर्ने हुन्छ भन्ने कुराको जानकारी लिन सहज हुनेछ ।

सरकारी एवं गैरसरकारी संस्थाहरूले अपाङ्गता भएका व्यक्तिहरुका लागि सेवा सुविधा प्रवाह गर्दा कसरी उपलब्ध गराउने भन्ने जानकारी यस पुस्तिकाबाट लिन सकिनेछ । स्थानीय तहमा

गरिने सेवा प्रवाह, कार्यक्रमहरू, नीति तथा संरचनाहरूमा सबैका लागि पहुँचयुक्त बनाउन यस पुस्तिकाले सहयोग पुर्याउनेछ।

**सरोकारवाला/सहजकर्ताहरू:** अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि कार्यरत संस्थाहरूले यस पुस्तिकाबाट उपलब्ध हुने सेवा सुविधाको जानकारी लिई सो का लागि पैरवी गर्न सक्नेछन्।

अपाङ्गता भएका व्यक्तिहरूका लागि संचालन गरिने विभिन्न तालिम, गोष्ठी तथा कार्यक्रमहरूमा सहजीकरणका लागि यस पुस्तिकाको अध्ययनबाट सहयोग पुग्नेछ। साथै यस पुस्तिकाको अध्ययनबाट सबैलाइ अपाङ्गता भएका व्यक्तिहरूको लागि उपलब्ध हुने विशेष सेवा सुविधाको जानकारी लिन सहज हुनेछ।

## अपाङ्गता भएका व्यक्तिहरुका लागि उपलब्ध हुने केही विशेष सेवा तथा सुविधाहरु

अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी दीर्घकालीन अशक्तताद्वारा सृजित विभिन्न अवरोधहरुका कारणले समाजमा अन्य व्यक्तिहरु सरह पूर्ण र प्रभावकारी सहभागी हुन बाधा भएको व्यक्तिलाई जनाउँदछ। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ अनुसार अपाङ्गता १० प्रकारका छन्।

अपाङ्गता भएका व्यक्तिहरुका लागि उपलब्ध हुने केही विशेष सेवा तथा सुविधाहरु निम्नानुसार रहेका छन्। यी सेवा तथा सुविधाहरु उपलब्ध गराउन सरकार र सरोकारवाला निकायहरु जवाफदेही हुनुपर्दछ।

## १. अपाङ्गता परिचयपत्र

अपाङ्गता परिचयपत्र वितरण कार्यविधि २०७५ को निर्दिष्ट ढाँचामा निवेदन दिएपछि गाउँ वा नगर पालिकामा बनेको अपाङ्गता समन्वय समितिले परिचयपत्र दिन उचित ठहराएमा सम्बन्धित पालिकाबाट अपाङ्गता परिचयपत्र प्राप्त गर्न सकिन्छ।

अपाङ्गता पचियपत्र प्राप्तीका लागि अपाङ्गता भएको व्यक्तिले स्थायी बसोबास रहेको वडा कार्यालायमा निवेदन दिनु पर्नेछ। तर आफु स्थायी ठेगानामा नभएका कारण निवेदन दिन नसक्ने भएमा अस्थायी बसोबास भएको स्थानीय तहमा निवेदन दिन सकिनेछ। अस्थायी बसोबास भएको स्थानीय तहमा अपाङ्गता परिचय पत्रका लागि निवेदन दिएको अवस्थामा अस्थायी बसोबास रहेको स्थानीय तहले नै स्थायी बसोबास रहेको स्थानीय तहसँग पहिले नै परिचयपत्र

लिए नलिएको यकिन गरी अस्थायी बसोबास रहेको स्थानीय तहले नै स्थायी ठेगाना खुलाइ अपाङ्गता परिचयपत्र प्रदान गर्नेछ र सो को जानकारी स्थायी बसोबास रहेको स्थानीय तहलाई गराउनेछ।

अपाङ्गताको गम्भीरताका आधारमा देहाय बमोजिमको परिचयपत्र दिने व्यवस्था रहेको छः

| | |
|---|---|
| **क) पूर्ण अशक्त अपाङ्गता *(रातो रंगको परिचयपत्र)*** | |
| **ख) अति अशक्त अपाङ्गता *(निलो रंगको परिचयपत्र)*** | |
| **ग) मध्यम अपाङ्गता *(पहेंलो रंगको परिचयपत्र)*** | |
| **घ) सामान्य अपाङ्गता *(सेतो रंगको परिचयपत्र)*** | |

***परिचयपत्र नपाएमा उजुरी गर्न सकिने :***

स्थानीय तहले अपाङ्गता परिचयपत्र दिन नमिल्ने भनी निर्णय गरेमा र सो निर्णयमा चित्त नबुझेमा सोझै वा सम्बन्धित स्थानीय तह मार्फत महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारी समक्ष उजूरी दिन सकिनेछ।

## २. सामाजिक सुरक्षा भत्ताको ब्यवस्था:

**पूर्ण अशक्त अति अशक्त र अपाङ्गता भएका ब्यक्तिहरुले निम्न अनुसारको सामाजिक सुरक्षा भत्ता स्थानीय पालिकामार्फत पाउने ब्यवस्था छ।**

| क्र स | अपाङ्गताको वर्गीकरण | सामाजिक सुरक्षा भत्ता मासिक रू. | कैफियत |
|---|---|---|---|
| १ | **पूर्ण अशक्त अपाङ्गता** | ३,०००। | रातो रंगको परिचयपत्र |
| २ | **अति अशक्त अपाङ्गता** | १६००। | निलो रंगको परिचयपत्र |

यो सुविधा लिनको लागि रातो र निलो रङ्गका परिचयप्राप्त व्यक्तिले सम्बधित पालिकाको वडा कार्यालयमा अपाङ्गता परिचय पत्रको प्रतिलिपि सहित सामाजिक सुरक्षा भत्ता प्राप्तिको लागि निवेदन दिनु पर्दछ। पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिको एकजना सहयोगीलाई समेत त्यस्तो अपाङ्गता भएका व्यक्तिले पाउने भत्ताको आधा रकम मासिक रुपमा सहयोगी भत्ता बापत उपलब्ध गराउने व्यवस्था अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्बन्धी नियमावली २०७७ मा रहेको छ।

## ३. अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्रीको व्यवस्था

स्थानीय सरकारमार्फत अपाङ्गताको प्रकृति र अवस्था बमोजिम अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने सहायक सामग्रीहरुको उपयुक्त प्राविधिक नापजाँच गरी नि:शुल्क उपलब्ध हुने व्यवस्था रहेको छ ।

अपाङ्गता भएका ब्यक्तिहरुले प्रयोग गर्ने सहायक सामग्रीहरुको सूचिः

**स्टाइलस, स्लेट, ब्रेल पेपर, ब्रेल मेमो, ब्रेल डिस्पलेयर, डेजी प्लेयर, सफ्टवेयर, स्कृन रिडीङ सफ्टवेयर, सेतो छडी, वाटर इन्डिकेटर, लाइट इन्डिकेटर, अब्जेक्ट इन्डिकेटर, विभिन्न प्रकारका ह्वीलचियर, वैसाखी, लट्ठी, इल्वो क्रचेस, एग्जलरी क्रचेस, वाकर, अपाङ्गता भएका व्यक्तिहरूलाइ वस्न बनाइने विशेष प्रकारको कुर्सी, क्यालिपर, विशेष प्रकारको जुत्ता, कृतिम हात खुट्टा र स्पाइनल ब्रेस, मेरूदण्ड पक्षघात भएका व्यक्तिहरूको लागि क्याथेटर र डाइपर एयर कुशन, विशेष प्रकारको कमोड, कमोड चेयर, श्रवण यन्त्र, म्याग्नीफाइङ ग्लास, उच्च क्षमताको चस्मा, स्वर यन्त्र र मेरूदण्ड पक्षघात भएकाहरूका लागि एयर म्याट्रेस, जेलि कुशन आदि ।**

## ४. व्यक्तिगत सहयोगी सेवाको व्यवस्था

पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका दैनिक रुपमा निरन्तर हेरचाह तथा सहयोग आवश्यक पर्ने अवस्थाका व्यक्तिको परिवारका कुनै सदस्य वा संरक्षक नभएको अवस्थामा सम्बन्धित स्थानीय तह मार्फत सामाजिक सुरक्षाको अतिरिक्त व्यक्तिगत सहयोगी सेवा उपलब्ध हुने व्यवस्था अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि नियमावली २०७७ मा रहेको छ।

## ५. अपाङ्गता भएका व्यक्तिहरुका लागि उपलब्ध हुने आर्थिक सहयोग

पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुका लागि सामाजिक सुरक्षाको अतिरिक्त नेपाल सरकारले समय समयमा तोके बमोजिमको रकम र अपाङ्गता सशक्तिकरणका लगि विशेष कार्यक्रम संचालन गर्ने व्यवस्था रहेको छ ।

संघ, प्रदेश र स्थानीय तहबाट अपाङ्गता भएका व्यक्तिको दैनिक हेरचाहमा संलग्न परिवारका सदस्य वा संरक्षकलाई हेरचाह सम्बन्धी तालिम र बहिरा व्यक्तिका परिवारका सदस्यलाई

सांकेतिक भाषा तालिम नि:शुल्क उपलब्ध गराउनुपर्ने व्यवस्था नियमावलीमा रहेको छ।

## ६. सार्वजनिक यातायातमा छुट:

बस, रेल, हवाइजहाज जस्ता सार्वजनिक साधनबाट यात्रा गर्दा पूर्ण अशक्त, अति अशक्त र मध्यम अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्रका आधारमा लाग्ने भाडामा **पचास प्रतिशत छुट** र निम्नानुसार सीट आरक्षणको व्यवस्था छ।

| | |
|---|---|
| **दश वा सोभन्दा कम सीट क्षमता भएका सवारी साधनले** | एक सीट |
| **एघार देखि पन्ध्र सीट क्षमता भएका सवारी साधनले** | दुई सीट |
| **सोह्र देखि तीस सीट क्षमता भएका सवारी साधनले** | तीन सीट |
| **तीस भन्दा बढी सीट क्षमता भएका सवारी साधनले** | चार सीट |
| **रेल लगायतका ठूला सवारी साधनले कूल सीट संख्याको कम्तीमा** | पाँच प्रतिशत सीट |

### अपाङ्गता भएका व्यक्तिहरुलाई प्राप्त हुने छुटहरू:

| क्र स | सेवा सुविधमा छुट | पूर्ण अशक्त अपाङ्गता | अति अशक्त अपाङ्गता | मध्यम अपाङ्गता | सामान्य अपाङ्गता |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक यातायातमा भाडा छुट | ५०% | ५०% | ५०% | |
| २ | अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने विशेष प्रकारको सवारी साधन (चारपांग्रे स्कुटर) मा भन्सार र अन्य कर छुट | पुरै छुट | पुरै छुट | पुरै छुट | पुरै छुट |
| ३ | आयकरमा छुट | ५०% | ५०% | ५०% | ५०% |
| ४ | घरजग्गा खरीद गर्दा लाग्ने राजस्व रजिष्ट्रेशन दस्तुरमा छुट | २५% | २५% | २५% | २५% |
| ५ | मोबाइल फोनमा कुरा गर्दा बहिरा अपाङ्गताको लागि एसएमएस र भिडियोमा छुट (नेपाल टेलिकममा ) | | प्रति एस.एम.एस. २५ पैसा, भिडियो कल ६५ पैसा प्रति मिनेट | | |

## ७. अपाङ्गता भएका व्यक्तिहरुलाई सहज रुपमा सेवा सुविधा उपलब्ध गराउन घुम्ती सेवा सञ्चालन गर्ने :

अपाङ्गता भएका व्यक्तिहरूलाइ सहायक सामग्री तथा सेवा सुविधा सहज रुपमा उपलब्ध घुम्ती सेवा सञ्चालन गर्न सकिने व्यवस्था रहेको छ। यस्तो घुम्ती सेवाको सूचना कम्तिमा १५ दिन अघि संचार माध्यमबाट दिनु पर्नेछ।

## ८. अपाङ्गता भएका महिलाको लागि विशेष कार्यक्रम :

संघ, प्रदेश र स्थानीय सरकारले अपाङ्गता भएका महिलाको अधिकार संरक्षण गर्न र उनीहरुको ज्ञान, सीप तथा क्षमताको उच्च उपयोग गर्न र उपयुक्त वातावरण निर्माण गर्न निम्नानुसार विविध कार्यक्रमको व्यवस्था गर्नु पर्नेछ।

- **अपाङ्गता भएका महिलामा रहेको ज्ञान, सीप र क्षमताको पहिचानको लागि अध्ययन, अनुसन्धान गर्ने र सोही आधारमा उपयुक्त पेशा वा व्यवसायको लागि रोजगारमूलक तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने।**
- **अपाङ्गता भएका महिलाले निर्माण वा उत्पादन गरेका सामान तथा वस्तुको बिक्रि तथा बजारिकरणको लागि आवश्यक व्यवस्था मिलाउने।**
- **अपाङ्गता भएका महिलाको लागि उपयुक्त ठानिएका आय आर्जनका अन्य कार्यक्रम संचालन गर्ने।**

## ९. अपाङ्गता भएका बालबालिकाको विशेष हेरचाह र संरक्षण गर्नुपर्ने:

पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका बालबालिकाको हेरचाह तथा स्याहारको लागि परिवारका सदस्य वा संरक्षकलाई आवश्यक तालिम तथा आय आर्जन सम्बन्धी व्यवसाय गर्न सहयोग पुर्याउने व्यवस्था अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि नियमावली २०७७ मा रहेको छ।

साथै बालबालिकाको सहज स्वास्थ्यसेवामा पहुँचका लागि रोगको शिघ्र पहिचान, उपचार, औषधी र परामर्श सेवा स्थानीय स्वास्थ्य केन्द्रबाट उपलब्ध हुनुपर्ने व्यवस्था रहेको छ।

***बालबालिकाको कस्तो अवस्था भएमा परिवारका सदस्य वा सामाजिक कार्यकर्ताहरुले वडा कार्यालयमा सूचना दिनु पर्नेछ ?***

- बालबालिकाको उमेर अनुसार बौद्धिक र शारीरिक विकास नभएमा
- उमेर अनुसार गर्नुपर्ने क्रियाकलाप नगरेमा र उमेर अनुसार सामान्य लक्षणहरु नदेखिएमा

**वडा कार्यालयले के गर्नुपर्नेछ ?**

- **यस्तो बालबालिकाको बारेमा सूचना लिने व्यवस्था मिलाउनुपर्नेछ,**
- **अपाङ्गता भएका बालबालिकाको आवधिक रुपमा अपाङ्गताको अवस्थाको मूल्याङ्कन गर्नुपर्नेछ,**
- **सेवा सुविधा पुनरावलोकन तथा आवश्यक थेरापी लगायत अन्य सेवाहरुको व्यवस्था गर्नुपर्नेछ ।**

## १०. अपाङ्गता भएका बालबालिकालाई नि:शुल्क शिक्षा उपलब्ध गराउने:

पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका बालबालिका वा व्यक्तिलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषदबाट प्रदान गरिने शिक्षाका साथै नेपाल सरकारले तोकेका अन्य व्यवसायिक तथा प्राविधिक शिक्षा नि:शुल्क उपलब्ध गराउने व्यवस्था रहेको छ ।

- **विद्यालय जान आउन कठिन हुने र विपन्न तथा असहाय अपाङ्गता भएका बालबालिकाको लागि पहुँचयुक्त आवास सुविधा सहितको शिक्षाको व्यवस्था गर्नुपर्नेछ ।**

- **नेपाल सरकारले बहिरा, दृष्टिविहिन, बौद्धिक अपाङ्गता भएका बालबालिकाको लागि पहुँचयुक्त आवास सहितको समावेशी शिक्षा र विशेष कक्षाको समेत व्यवस्था गरिएको छ ।**

- **देशभर ३३ बिषेश बिद्यालय र ३८० श्रोत कक्षा रहेका छन् ।**[१]

- **अपाङ्गता भएका विद्यार्थीका लागि विशेष शिक्षा कार्यक्रम सञ्चालन गरेका सामुदायिक विद्यालयको पुर्वाधारलाई पहुँचयुक्त बनाउनका लागि स्थानीय तहले तीस प्रतिशत लगानी गर्ने प्रतिबद्वता गरेमा बाँकी लगानी कार्यक्रम र बजेटका अधारमा संघीय सरकारले गर्ने व्यवस्था गरिएको छ ।**

---

१ २०७७ माघको तथ्याङ्क अनुसार

## ११. अपाङ्गता भएका विद्यार्थीको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने:

- **अपाङ्गता भएका विद्यार्थीको अध्ययनलाई निरन्तरता दिनका लागि स्टेशनरी, पाठ्यपुस्तक, दिवा खाजा, पोशाक, सहयोगी शिक्षक र सम्बन्धित अपाङ्गता विज्ञ शिक्षक उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ।**
- **अपाङ्गता भएका विद्यार्थीलाई अध्यापन गराउने शिक्षकका लागि अपाङ्गताको पहिचान, सिफारिस, सामान्य थेरापी, व्यक्तिगत पाठ्योजना, व्यक्तिगत हेरचाह, क्षमता विकास, सांकेतिक भाषा लगायतका तालिम कार्यक्रम समेत संचालन गर्ने व्यवस्था रहेको छ।**
- **अपाङ्गता भएका विद्यार्थीको विद्यालयलाई पहुँचयुक्त फर्निचर तथा अन्य भौतिक सामग्रीयुक्त बनाउने र अपाङ्गता भएका विद्यार्थीको लागि आवश्यक पर्ने खेलकूदका सामग्री शैक्षिक सामग्री नि:शुल्क उपलब्ध गराउने व्यवस्था रहेको छ।**
- **नि: शुल्क नगरिएको शिक्षामा भर्ना भइ अध्ययन गर्ने अपाङ्गता भएका विद्यार्थीको लागि शैक्षिक शुल्क, आवास, स्टेशनरी तथा अन्य खर्चको लागि शैक्षिक छात्रवृत्ति बापत उपलब्ध गराउने व्यवस्था रहेको छ।**

## १२. शिक्षामा सूचना प्रविधिको प्रयोग:

सूचना प्रविधिको प्रयोग गरी दृष्टिविहिन, बहिरा, बौद्धिक अपाङ्गता, सुस्तश्रवण, श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिलाई शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

अपाङ्गता भएका व्यक्तिलाई शिक्षामा पहुँच सहज बनाउन पहुँचयुक्त सफ्टवेयर सहितको कम्प्युटर, उपकरण, अडियो, ब्रेल, सरल भाषा तथा चित्रात्मक, ठूलो छापा, भिडियो, सांकेतिक भाषा लगायतका ढाँचामा शैक्षिक सामग्रीहरु उपलब्ध गराउने व्यवस्था रहेको छ।

## १३. सरकारी सेवामा आरक्षणको व्यवस्था :

नेपाल सरकारको निजामति सेवामा **कुल आरक्षण सिट मध्ये ५ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरूका** लागि आरक्षित गरिएको छ। सम्बन्धित पदका लागि निर्धारित योग्यता पुगेका अपाङ्गता भएका व्यक्तिहरु परिक्षामा सामेल हुन सक्दछन्।

**कुनै पनि कार्यालयमा व्यक्तिको क्षमता, तालिम, योग्यता र अनुभवका आधारमा अपाङ्गता भएका व्यक्तिलाई गाम्भीर्यताको आधारमा प्राथमिकीकरण गरी नियुक्ति गर्नु पर्ने नियमावलीमा व्यवस्था रहेको छ ।**

## १४. सीप विकास तथा रोजगारीका लागि बिना धितो ऋणको व्यवस्था:

पेशा वा व्यवसाय गर्न चाहने पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्ति र परिवारको सदस्य वा पालनपोषण गर्ने संरक्षकलाई बैक तथा वित्तिय संस्थाबाट नेपाल सरकारको जमानतमा वा बिना धितो सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था रहेको छ ।

## १५. पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाइ नि:शुल्क स्वास्थ्य सेवा:

- **सरकारले वार्षिक बजेटमा तोके अनुसार कम आय भएका मुटु रोग, मृगौला रोग र क्यान्सर रोगको उपचारको लागि अस्पतालमा भर्ना भएका पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई सरकारी अस्पतालमा उपचार गराउदा लाग्ने सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्नेछ ।**
- **चिकित्सकको सिफारिसमा अनुवंशीय रक्तश्राव (हेमोफिलिया) अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने फ्याक्टर लगायतका औषधि नि:शुल्क रुपमा सम्बन्धित स्थानीय तह मार्फत उपलब्ध गराइनेछ ।**
- **मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि सबै सरकारी अस्पतालमा नि:शुल्क मनोसामाजिक परार्मश सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्नेछ ।**

## १६. स्थानीय तहमा पुर्नस्थापना केन्द्रको व्यवस्था

स्थानीय तहले समुदायमा रहेका अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी स्थानीय तहमा पुनर्स्थापना केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्नुपर्छ । हरेक नगर तथा गाउँपालिकाले नगरप्रमुख वा गाउँपालिका अध्यक्षको अध्यक्षतामा पुर्नस्थापना केन्द्र व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था रहेको छ ।

## १७. पहुँचयुक्त शौचालय बनाउन अनुदानको व्यवस्था

पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिले आफ्नो निजी शौचालय अपाङ्गतामैत्री बनाउन चाहेमा अनुदान रकम उपलब्ध गराउने व्यवस्था समेत नियमावलीमा रहेको छ ।

## १८. अपाङ्गता भएका व्यक्तिको सांस्कृतिक अधिकार तथा मनोरञ्जन सम्बन्धि अधिकार:

- **अपाङ्गता भएका व्यक्तिको सहभागितामा सांस्कृतिक प्रतियोगिता र मनोरन्जनको कार्यक्रम स्थानीय तहमा आयोजना गर्नुपर्ने,**
- **सामुदायिक भवन, पार्क, मठ मन्दिर, बगैँचा लगायतका संरचना पहुँचयुक्त बनाउने, खेलकुदको विकासका लागि आवश्यक भौतिक पूर्वाधार विकास कार्यक्रम, क्षमता विकास कार्यक्रम तथा खेलकूद प्रतियोगिता सञ्चालन गर्नुपर्ने,**

खेलकुद कार्यक्रम सञ्चालन गर्दा दोभाषे र स्वास्थ्य उपचार जस्ता अपाङ्गताको प्रकृति अनुसार आवश्यक पर्ने अन्य सेवा समेत उपलब्ध गराउनु पर्नेछ ।

## १९. अपाङ्गता भएका व्यक्तिहरुप्रतिको भेदभाव अन्त्यका लागि विविध उपायको अवलम्बन गर्ने:

अपाङ्गता भएका व्यक्तिले बिना भेदभाव अन्य व्यक्ति सरह समान रुपमा मर्यादित र प्रतिष्ठापूर्वक जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चितताका लागि निम्न बमोजिम विभिन्न कार्यक्रम संचालन गर्ने व्यवस्था रहेको छ ।

क) अपाङ्गता भएका व्यक्तिका अधिकार र सेवा सुविधा सम्बन्धी कानुनी व्यवस्थाको विषयमा जनचेतना तथा कानुनी शिक्षा कार्यक्रम सञ्चालन गर्ने,

ख) अपाङ्गता भएका व्यक्तिको हेरचाह, सशक्तिकरण तथा क्षमता विकासको लागि आवश्यक तालिम सञ्चालन गर्ने,

ग) सरकारी वा सार्वजनिक सेवा प्रदान गर्ने निकाय तथा संस्थाको भौतिक संचरनाको निर्माणलाई अपाङ्गतामैत्री र पहुँचयुक्त बनाउन त्यस्ता निकाय तथा संस्थालाई निर्देशिन दिने र सोको कार्यान्वयनको अनुगमन गर्ने,

घ) स्थानीय तहमा हुने विपत्ति व्यवस्थापन सम्बन्धी गतिविधिमा अपाङ्गता भएका व्यक्तिलाई सहभागी गराउने र यसका लागि पुर्व तयारी, खोज तथा उद्दार, राहत र विपद पश्चातका अवस्थामा अपाङ्गता भएका व्यक्तिको सहज पहुँच सुनिश्चित गर्न आवश्यक तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

ङ) विपद पूर्व तयारीका चरणमा गरिने सामग्रीको भण्डारणमा अपाङ्गता भएका व्यक्तिका आवश्यकतालाई समेत ध्यान दिइ त्यस्ता सामग्रीहरुको छुट्टै सूची बनाई भण्डारण गर्ने व्यवस्था मिलाउने ।

## २०. सामाजिक उत्तरदायित्व अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुका लागि रकम छुट्याउनुपर्ने:

- **प्रतिष्ठान तथा शैक्षिक संस्थाले आफ्नो आयबाट नेपाल सरकारले तोके बमोजिमको रकम अपाङ्गता भएका व्यक्तिप्रतिको सामाजिक उत्तरदायित्व अन्तर्गत छुट्याउनु पर्ने व्यवस्था रहेको छ।**

- **यस्तो रकमको उपयोग अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा, रोजगारीका अवसरहरुको सम्बर्धन, प्रवर्धन, पुनर्स्थापना र सशक्तिकरणको कामका लागि गरिने व्यवस्था रहेको छ।**

## २१. अपाङ्गता भएका व्यक्तिका छोराछोरीका लागि छात्रवृत्तिको व्यवस्था:

पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका असहाय विपन्न वर्गका नागरिकका छोराछोरीलाई स्वदेशमा स्नातक तहसम्मको शिक्षा हासिल गर्न छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था रहेको छ। यस्तो छात्रवृत्ति प्राप्त गर्न चाहने पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका असहाय विपन्न वर्गका नागरिकका छोराछोरीले सम्बन्धित शैक्षिक संस्थामा भर्ना गरेको प्रमाण, सम्बन्धित स्थानीय तहको सिफारिस, परिचयपत्रको प्रतिलिपि तथा नाता प्रमाणित र विपन्नताको सिफारिस लगायतको कागजात पेश गर्नु पर्नेछ।

## सुदूरपश्चिम प्रदेशमा रहेका बिषेश बिद्यालय र श्रोत कक्षा केन्द्रहरू

| क्र.सं | जिल्ला | गाउँ/नगरपालिका | विद्यालय |
|---|---|---|---|
| १ | बाजुरा | वुढीगंगा नगरपालिका | थुमा मा.वि थुमा (बहिरा) |
| २ | बाजुरा | वुढीनन्दा नगरपालिका | जयप्रकाश मा.वि. कोल्टी (बहिरा) |
| ३ | बझाङ | छविस पाथिभेरा गाँउपालिका | बाठपाल मा.वि. थली वडा नं.६ (दृष्टिविहिन)<br>बान्निचौर मा.वि. बान्निचौर वडा नं ३ (बौद्धिक) |
| ४ | बझाङ | मष्टा गाउपालिका | कुलमष्टजन मा.वि. भातेखोला वडा नं.४ (बोद्धिक)<br>सुर्मादेवी आ.वि. बभाङ वडा नं १(बहिरा) |
| ५ | अछाम | कमलबजार नगरपालिका | षोडसादेवी मा.वि. अछाम (दृष्टिविहिन) |
| ६ | अछाम | पंचदेवल विनायक नगरपालिका | विद्यामन्दिर मा.वि. विनायक (बौद्धिक) |
| ७ | अछाम | साँफेबगर नगरपालिका | महेन्द्र मा.वि. बयलपाटा (बहिरा) |
| ८ | डोटी | दिपायल सिलगढ़ी नगरपालिका | पद्‌म पब्लिक मा.वि. (बौद्धिक) |
| ९ | डोटी | आदर्श गाउँपालिका | शारदा मा.वि. मौवा (बौद्धिक) |
| १० | डोटी | जोरायल गाउँपालिका | रामपुर मा.वि. बुडहर (एकिकृत) (बहिरा) |
| ११ | डोटी | पूर्वीचौकी गाउँपालिका | साजेन्द्रेश्वर मा.वि. फुलोट (दृष्टिविहिन) |
| १२ | डोटी | बडीकेदार गाउँपालिका | बरछैन मा.वि. बरछैन (बौद्धिक) |
| १३ | कैलाली | धनगढी उपमाहानगरपालिका | दक्षिणकाली आ.वि. बेलहा (दृष्टिविहिन)<br>पञ्चोदय मा.वि. हसनपुर (एकिकृत) (दृष्टिविहिन) |
| १४ | कैलाली | गोदावरि नगरपालिका | शैलेश्वरी मा.वि. बल्छेडा (बहिरा) |

| क्र.सं | जिल्ला | गाउँ/नगरपालिका | विद्यालय |
|---|---|---|---|
| १५ | कैलाली | घोडाघोडि नगरपालिका | रा.मा.वि. सुखडा (बौद्धिक) |
| १६ | कैलाली | टिकापुर नगरपालिका | कर्णाली मा.वि. सत्ती (दृष्टिविहिन) |
| १७ | कैलाली | जोशीपुर गाउपालिका | रघुनाथ आर्दश आ.वि. (दृष्टिविहिन)<br>जनप्रकाश मा.वि. मुद्‌दी (बहिरा) |
| १८ | कञ्चनपुर | पुनर्वास नगरपालिका | पुनर्वास जनता मा.वि. (बहिरा) |
| १९ | कञ्चनपुर | बेदकोट नगरपालिका | भुवनेश्वरी मा.वि. (दृष्टिविहिन) |
| २० | कञ्चनपुर | बेलौरी नगरपालिका | महाकाली मा.वि. बैलौरी (बौद्धिक) |
| २१ | कञ्चनपुर | भीमदत्त नगरपालिका | महेन्द्रनगर मा.वि. कटान (बौद्धिक)<br>अमरसहिद आ.वि. (बहिरा) |
| २२ | कञ्चनपुर | शुक्लाफाँटा नगरपालिका | शिवशंकर मा.वि. गजमैनी बौद्धिक अपांगता |
| २३ | डडेल्धुरा | अमरगढी नगरपालिका | पूर्णगिरी आ.वि. जिलौडा (बौद्धिक) |
| २४ | डडेल्धुरा | गन्यापधुरा गाँउपालिका | भुवनेश्वरी मा.वि. जैसेरा (बौद्धिक) |
| २५ | डडेल्धुरा | नवदुर्गा गाँउपालिका | गौडेश्वर मा.वि. बेलपुर (बौद्धिक) |
| २६ | डडेल्धुरा | भागेश्वर गाँउपालिका | सरस्वती मा.वि. बोगटा (बहिरा) |
| २७ | बैतडी | **सुर्नया गाउपालिका** | सिमास आ.वि. दोरा (बौद्धिक)<br>शंकर संस्कृत मा.वि. (बहिरा) |
| २८ | दार्चुला | महाकाली नगरपालिका | मालिकार्जन आ.वि. धाप वडा नं १ (बहिरा) |
| २९ | दार्चुला | दुहुँ गाउपालिका | गौरीलमाण्डौ मा.वि. हिकिला वडा नं. १ (बौद्धिक) |

## सन्दर्भ सामग्रीहरु

- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४
- अपाङ्गता परिचयपत्र वितरण कार्यबिधि २०७५
- स्थानीय सरकार संचालन ऐन २०७४
- राष्ट्रिय शिक्षा नीति २०७६
- अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त भौतिक संरचना एवं संचार सेवा निर्देशिका २०६९
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि नियमावली २०७७

प्रकाशक:

प्रकाशन सहयोगी: